भागेश्वर गाउँपालिकाको

# पार्श्वचित्र

भागेश्वर गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
भागेश्वर, डडेलधुरा
प्रदेश नं. ७, नेपाल

हर्ष ब. रोका
प्रमुख प्रशासकीय अधिकृत

## १. पृष्ठभूमी

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे वमोजिम संघीय सरकारद्वारा जारी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले बहन गर्नुपर्ने जिम्मेवारीहरु विस्तृत रुपमा किटान गरेको छ । जसअनुसार स्थानीय स्तरका सडक, सिँचाई, खानेपानी, पुल, कृषि, शिक्षा, स्वास्थ्य लगायतका विकास योजनाहरुको नीति तथा नियमहरुको तर्जुमा, योजनाहरुको पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका साथै सो को लागि आवश्यक स्रोत र साधनको व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय तहको रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थापन गरिएको छ । यसका अतिरिक्त स्थानीय शासन सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ । यसका साथै उक्त दफामा उक्त योजनाहरु बनाउँदा प्राथमीकता दिनुपर्ने विषयहरुको वारेमा समेत व्यवस्था गरिएको छ । जसमध्ये गाउपालिकाको लागि पाश्वचित्र तयारी, सूचना व्यवस्थापन प्रणालीको स्थापना र विभिन्न क्षेत्रहरु समावेश गरी गाउ पालिकाको वृहत आवधिक योजना तयारी मुख्य रुपमा पर्दछन् ।तसर्थ यस गाउपालिकाको जनसाँख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास, तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्शाको अद्यावधिक अभिलेखन तथा सम्पूण सूचानाहरुको व्यवस्थापन प्रणाली स्थापित गरी गाउपालिकाको समग्र विकासकको लागि विभिन्न क्षेत्रहरु समावेश भएको क्षेत्रगत आवधिक योजना तयार गर्नुपर्ने देखिन्छ ।

स्थानीय तहहरु भर्खरै गठन भएकोले विकास आयोजनाहरु सञ्चालन गर्न तथा सो कार्यान्वयनमा आफ्नो स्रोत लगानी गर्न एवं समुदायको आवश्यकता पहिचान गरी स्रोत जुटाउन समेत पालिकाको यथार्थ वस्तुस्थितिको जानकारी हुन आवश्यक छ । उक्त जानकारीहरुको आधारमा पालिकाको अधिकार क्षेत्र भित्रका विभिन्न सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरुको आवधिक योजना तथा गुरुयोजना तर्जुमा गरी स्पष्ट लक्ष किटान गर्न समेत वाञ्छनीय भएकोले भागेश्वरगाउँ कार्यपालिकाले विभिन्न क्षेत्रको समग्र वस्तुस्थिति झल्कने गरी तथ्याङ्क संकलन गर्ने, संकलित तथ्याङ्क तथा सूचनाहरुको दीर्घकालसम्म उपयोग गर्नको लागि सूचना व्यवस्थापन गर्ने, उक्त संकलित तथ्याङ्कहरु विष्लेषण गरी पार्श्वचित्र तयार गर्नुका साथै विभिन्न क्षेत्रगत आवधिक योजनाहरु तर्जुमा गर्ने उद्देश्य राखी यो अवधारणा पत्र स्वीकृत गरेको छ ।

## २. उद्देश्य

यसको दीर्घकालिन उद्देश्य भागेश्वर गाउँपालिकाको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन लक्ष किटान गरी योजनावद्ध सामाजिक तथा आर्थिक विकास गर्नु रहेको छ ।

यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन् :

१) गाउँपालिकाका सबै वडाहरुको यथार्थ वस्तुस्थिति झल्कने गरी सामाजिक, आर्थिक, स्रोत साधन सम्बन्धी, पूर्वाधार विकास सम्बन्धी, धार्मिक, साँस्कृतिक, उपलब्ध सेवा सुविधा सम्बन्धी तथ्याङ्क सङ्कलन गरी गाउँपालिकाको यथार्थ वस्तुस्थिति पत्ता लगाउनु,

२) संकलित तथ्याङ्कहरुको विष्लेशण गरी गाउँपालिकाको स्रोत नक्शा तथा पार्श्वचित्र तयार गर्नु,

३) संकलित सूचना तथा जानकारीहरुको उपयोग गरी गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, बन, वातावरण, पर्यटन, पूर्वाधार विकास तथा जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम व्यवस्थापन सहित समावेश भएको गाउँपालिको आवधिक योजना तर्जुमा गर्नु,

४) संकलित सम्पूर्ण आधारभूत तथ्याङ्कहरुलाई समावेश गरी गाउँपालिकाको सूचना प्रणाली स्थापना गर्नु र उक्त प्रणालीमा वार्षिक योजना तथा सो को प्रगती विवरण, विभिन्न संघसंस्था, समितिहरु, सहकारीहरु समेतको जानकारी समावेश गर्नु र हरेक वर्ष उक्त सूचना तथा जानकारीहरु अद्यावधिक गर्नु ।

## ३. कार्यक्षेत्र

यस अन्तर्गत निम्न बमोजिमका कार्यहरु गरिनेछ ।

१) तपशील वमोजिमको तथ्याङ्क संकलन र विष्लेशण गरी पार्श्वचित्र तथास्रोत नक्शा तयार गर्ने :

क) गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी सहितको परिचय र स्थानीय संस्कृति, चाडपर्व, रहनसहन, भाषा, धर्म लगायतको साँस्कृतिक विवरण,

ख) पर्यटकीय स्थलहरुको पहिचान तथा धार्मिक र पुरातात्वीक सम्पदाहरुको विवरण,

ग) गाउँपालिकाको भूउपयोगको अवस्था तथा खेतीयोग्य जमीनको अवल, दोयम, सीम र चाहार सहितको वर्गिकरण, सामुदायिक, कवुलियती तथा सरकारी बन एवं सार्वजनीक जग्गाको विवरण, पार्क उद्यानको विवरण

घ) हरेक घरधुरीको जनसंख्याको विवरण, जातीय विवरण, उमेरगत विवरण, जेष्ठ नागरिक, एकल महिला, अपांग, टुहुराहरुको विवरण, लैङ्गिक विवरण

ङ) पारिवारिक आर्थिक विवरण, वार्षिक आम्दानी, घरको प्रकार, रोजगारीको अवस्था, वसाइ सराइ, बैदेशिक रोजगारी, प्राप्त हुने बिप्रेषण, सम्पन्नता स्तरीकरण, खाद्यान्न पर्याप्तता, उत्पादन, पशुचौपायाको विवरण, गाउँपालिकावाट हुने निकासी तथा पैठारीको विवरण

च) स्वास्थ्य अवस्था, पोषणको अवस्था, खोपको अवस्था, मातृशिशु स्वास्थ्य तथा मृत्युदर, सरसफाइको अवस्था, घरधुरी, विद्यालय तथा संघसंस्था र सार्वजनीक स्थानमा चर्पीको अवस्था,

छ) विद्यालयहरुको विवरण र शिक्षाको अवस्था, साक्षरताको अवस्था, छात्र छात्रा अनुपात

ज) पूर्वाधार विकासको अवस्था, सडक, सिँचाई, सामुदायिक भवन, पुल पुलेसा, सञ्चारको अवस्था र विद्यमान तथा निर्माणाधिन योजनाहरुको विवरण, खानेपानी तथा उर्जाको विवरण

हर्क ब. रोका
प्रमुख प्रशासकीय अधिकृत

झ) सवारी साधन, पसल, होटल, व्यवसायको विवरण

ञ) विगतमा भएका रोगव्याधि, प्राकृतिक प्रकोपको अवस्था, प्राकृतिक प्रकोप हुनसक्ने सम्भावित स्थानहरु

ट) गाउँपालिका भित्र रहेका क्लव, गैह्र सरकारी संस्थाहरु, समितिहरु, नागरिक समाज, तथा अन्य राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाको विवरण, कार्यक्रम तथा बजेट, सार्वजनीक सेवा प्रदायक कार्यालयहरुको विवरण तथा उपलब्ध सेवाहरु

ठ) खानी तथा खनीज पदार्थको उपलब्धता, स्थानीय निर्माण सामाग्रीहरुको उपलब्धता सम्बन्धी विवरण लगायत अन्य विवरणहरु

ड) अन्य आवश्यक विवरणहरु

२) आधुनिक सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने कार्य ।

गाउँपालिकाको लागि नियमित प्रयोगमा आईरहने घरधुरी स्तरीय सूचनाहरु, वार्षिक विकास योजना तथा प्रगती विवरण तत्काल उपलब्ध हुने व्यवस्था र गाउँपालिका भित्र रहेका संघसंस्था, विद्यालय, समितिहरुको विस्तृत विवरण सहितको सूचना प्रणाली व्यवस्थापन। यस सन्दर्भमा गाउँपालिकामा रहेका महत्वपूर्ण र गापाले आवश्यक ठानेका सम्पूर्ण सूचनाहरु तथा भावी दिनहरुमा अध्याबधि गर्दै जाने सूचनाहरुको उचीत व्यवस्थापन गर्ने, निर्णायक तहको व्यवस्थापन पक्षलाई आवश्यकपर्ने सूचना निकाल्न, त्यसको सञ्चार गरि स्थितिको अवगत गराई निर्णय गर्नको लागि सहयोग गर्न, साथै सर्वसाधारणलाई सूचना मागेको वेलामा तुरुन्तै चुस्तदुरुस्त ढंगले उपलब्ध गराउनको लागि आधुनिक सूचना प्रणाली तयार गर्ने ।

३) गाउपालिकाको आवधिक योजना तयार गर्ने कार्य ।

## ४. अपेक्षित उपलब्धी

यो कार्य सम्पन्न भएपछि निम्न वमोजिमका दस्तावेज तथा विवरणहरु तयार भएका हुनेछन् :

१) उपरोक्त कार्यक्षेत्रमा उल्लेख भए वमोजिमका जानकारीहरु विष्लेशण गरिएको गाउँपालिकाको पार्श्वचित्र तथा श्रोतनक्शा,

२) सम्पूर्ण संकलित तथ्याङ्कहरु प्रविष्ट भएको गाउँपालिकाको सूचना प्रणाली,

४) उपरोक्त सूचनाहरुको आधारमा गाउँपालिकाको क्षेत्रगत आवधिक योजना

## ५. अवधारणा तथा कार्यपद्धति

१) यस कार्यको लागि गाउँपालिकाको विभिन्न क्षेत्रको वस्तुस्थिति विवरणको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरु एकैपटक सङ्कलन गरिनेछ । समुदायस्तरको तथ्याङ्क सङ्कलन गर्दा सहभागितात्मक ग्रामीण लेखाजोखा पद्धति अपनाइनेछ ।समुदायवाट संकलन गर्नुपर्ने तथ्याङ्क अतिरिक्त आवश्यक तथ्याङ्कहरु विभिन्न विद्यालय, संघसंस्था, वडास्तरीय बैठकवाट सङ्कलन गरिनेछ ।


२) सङ्कलित तथ्याङ्कहरु कम्प्युटरमा प्रविष्ट गर्नको लागि कम्प्युटर सफ्टवेयरको उपयोग गरिनेछ र पार्श्वचित्रको लागि आवश्यक सूचना तथा जानकारीहरु आवश्यकता अनुसार विष्लेशण गरी निष्कर्श निकालिनेछ ।

हर्क ब. रोका
प्रमुख प्रशासकीय अधिकृत


३) संकलित तथ्याङ्क तथा विश्लेशण गरिएका जानकारीहरुको आधारमा निर्दिष्ट गरिएको विषय सूची वमोजिम गाउँपालिकाको पार्श्वचित्र दस्तावेज तथा श्रोत नक्शा तयार गरिनेछ ।

५) संकलित तथ्याङ्कहरुलाई आधार बनाई तथा अन्य थप माध्यमिक तथ्याङ्कहरु समेत सङ्कलन गरी गाउँपालिकाको मध्यकालिन (पाँच वर्षे) र दीर्घकालिन (पन्ध्र बर्षे) परिकल्पना, ध्येय, लक्ष र उद्देश्य सहितको आवधिक योजना तर्जुमा गरिनेछ ।

६) गाउँपालिकाको लागि नियमित प्रयोगमा आईरहने घरधुरीस्तरीय सूचनाहरु, वार्षिक विकास योजना तथा प्रगती विवरण तत्काल उपलव्ध हुने व्यवस्था र गाउँपालिका भित्र रहेका संघसंस्था, विद्यालय, समितिहरुको विस्तृत विवरण सहितको सूचना प्रणाली व्यवस्थापन गरिनेछ । यस सन्दर्भमा नगरपालिका तथा गाउँपालिकाहरुमा रहेका महत्वपूर्ण र ति पालिकाहरुले आवश्यक ठानेका सम्पूर्ण सूचनाहरु तथा भावी दिनहरुमा अध्यावधि गर्दै जाने सूचनाहरुको उचीत व्यवस्थापन गर्ने, निर्णायक तहको व्यवस्थापन पक्षलाई आवश्यकपर्ने सूचना निकाल्न, त्यसको सञ्चार गरि स्थितिको अवगत गराई निर्णय गर्नको लागि सहयोग गर्न, साथै सर्वसाधारणलाई सूचना मागेको बेलामा तुरुन्तै चुस्तदुरुस्त ढंगले उपलब्ध गराउनको लागि सूचना प्रणालीको ढाँचा तयार गरिनेछ ।



हर्ष व. रोका
प्रमुख प्रशासकीय अधिकृत




## ६. चरणवद्ध कार्यपद्धति

यो कार्य सम्पन्न गर्न निम्न वमोजिमको चरणवद्ध कार्यपद्धति अवलम्वन गरिनेछ

| क्र. सं. | क्रियाकलापको नाम | कार्यप्रकृया | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | अवधारणा पत्रको स्वीकृती | गाउँकार्यपालिका बैठकवाट | गाउँपालिका कार्यालय |
| २ | सेवा प्रदायक संस्था छनौट सम्वन्धि निर्णय | गाउँकार्यपालिका बैठकवाट | गाउँपालिका कार्यालय |
| ३ | प्रश्नावलीहरु तयार गर्ने तथा आवश्यक संख्यामा छपाई गर्ने | कार्यविवरण वमोजिम घरधुरीस्तर, संघसंस्था स्तर, वडास्तर, गाविसस्तर आदिवाट संकलन गर्नुपर्ने तथ्याङ्क फारामहरु तयार गर्ने, तथ्यांक संकलन निर्देशिका तयार गर्ने | सेवा प्रदायक संस्था |
| ४. | आवश्यक सहजकर्ता तथा गणकहरु छनौट | सेवा प्रदायक संस्थाले छनोट गर्ने | गापाको समन्वयमा सेवा प्रदायक संस्थाले छनोट गर्ने |
| ६ | सहजकर्ता तथा गणकहरुको तालिम | गाउँपालिका वा पायक पर्ने स्थानमा सैद्धान्तिक तथा व्यवहारिक अभ्यास सहितको तालिम सञ्चालन गर्ने, | गापा तथा सेवा प्रदायक संस्था |
| ७ | तथ्याङ्क संकलन तथा योजना तर्जुमा गोष्ठीहरु | निर्धारित प्रकृया वमोजिम तथ्याङ्क संकलन तथा तालिम गोष्ठीहरु सञ्चालन गर्ने, संकलित तथ्यांकको विश्वनीयता सम्वन्धमा वडा अध्यक्ष, वडा समिति तथा गाउँपालिका | सेवा प्रदायक संस्था |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

हर्ष ब. रोका
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | कार्यालयले नियमित अनुगमन गर्ने, | |
| ८ | कम्प्युटर सफट्वेयर तयार गर्ने | गाउँपालिकाको सफट्वेयर तयार गर्ने | सेवा प्रदायक संस्था |
| ९ | तथ्यांकहरु कम्प्युटरमा प्रविष्ट गर्ने | निर्मित सफट्वेयरमा डाटा हाल्ने यस कार्यको लागि दुइजना कम्प्युटर अपरेटर आवश्यक पर्दछ। | सेवा प्रदायक संस्था |
| १० | पार्श्वचित्र लेखन | उपलब्ध तथ्यांकको आधारमा निर्दिष्ट गरिएको ढाँचामा पार्श्वचित्र लेखन गर्ने | सेवा प्रदायक संस्था |
| ११ | क्षेत्रगत आवधिक योजना तर्जुमा | गाउँपालिकाको समन्वयमा सेवा प्रदायक संस्था | सेवा प्रदायक संस्था |
| १२ | सूचना प्रणाली व्यवस्थापन | प्रविष्ट भएका सूचनाहरुलाई नियमित रुपमा अद्यावधिक गरी आवश्यक परेको बेला सूचना तत्काल निकाल्ने, वार्षिक योजना तर्जुमा, प्रगती प्रतिवेदन तथा घरधुरीस्तरमा सेवा प्रदान गर्ने कार्यमा उपयोग गर्ने, | गाउँपालिका |

## ७. लागत

यस कार्यको विस्तृत लागत तथ्यांक फारामहरुलाई अन्तिम रुप दिएपछि तयार गरिनेछ। गाउंपालिकाको आ.व. २०७७।०७८ मा विनियोजित बजेटमा थपघट गर्न आवश्यक भएमा कार्यपालिकाको निर्णयानुसार गर्न सकिनेछ।

## ८. प्रस्ताव मूल्यांकन गर्ने तरिका :

प्रस्तावको मूल्यांकन गुणस्तर एवं लागत विधिवाट गरिनेछ र प्राविधिक र अर्थिक प्रस्तावको मूल्यांकन खरीद नियमावली २०६४ वमोजिम हुनेछ र अंक भार १०० कायम गरिएको छ। सवै भन्दा वढि अंक ल्याउने एउटा प्रस्तावलाई छनौट गरिने छ र दोश्रो हुने संस्थालाई मूल्याकंन क्रम अनुसार वैकल्पिक सूचीमा राखिने छ।

**९. विविध** : यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित), र अन्य प्रचलित नेपाल कानून वमोजिम हुनेछ।

## १०. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-

१. रणनीतिक योजना, गुरु योजना, आवधिक योजना, पर्यटन विकास, इन्जिनियरिङ, अध्ययन अनुसन्धानको क्षेत्रमा प्राविधिक र परामर्श सेवा दिने उल्लेख भई सो मध्ये कम्तीमा कुनै २ उद्देश्य परामर्श दाता कम्पनी वा संस्थाको हुनुपर्ने।

२. मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनुपर्ने ।

३. आ.व. ०७६/०७७ को कर चुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने वा कर चुक्त गर्न बाँकी नभएको प्रमाण उपलब्ध हुनु पर्ने।

४. संस्थाको प्रमाणपत्र २०७७ को आषाढ मसान्तसम्मका लागि नविकरण भएको हुनुपर्ने।

५. जनशक्तिको प्रस्ताव गर्नु पर्ने।

६. जे.भी (संयुक्त) प्रस्ताव भएमा नेतृत्व गर्ने संस्था वारे स्पष्ट गर्ने।

७. सूचना र TORमा उल्लेख भएका शर्तहरु र कालो सूचीमा नपरेको स्वघोषणापत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने ।

८. विधि, प्रक्रिया, तथा कार्य योजना र चरणहरु क्रमश पुरा गर्ने गरी SMART model मा तयार भए नभएको आधारमा मुल्याङ्कन गरिने छ ।

पुनश्च : माथि उल्लेखित बुँदा नं ६ को १ देखि ८ सम्मको अनिवार्य पूर्व शर्तहरु पुरा नभएका परामर्शदाता कम्पनी वा संस्थाहरुलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन र मूल्यांकनको लागी अयोग्य ठहरिनेछ ।